नेपाल सरकार
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र
सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष
तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न
गठित सिफारिस समितिको सचिवालय
सिंहदरबार, काठमाडौं

२०७५।१२।२४

## बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समितिको

# प्रेस वक्तव्य

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।१२।११ को निर्णय अनुसार गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समितिको पहिलो बैठक आज मिति २०७५।१२।२४ मा सो समितिको सचिवालय सिहंदरबारमा सम्पन्न भयो । सिफारिस समितिको बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (५) को प्रयोजनको लागि आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिसको छनौट प्रक्रिया निर्धारण गरेको छ । साथै सिफारिस समितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि उल्लिखित ऐनको दफा ४ बमोजिमको योग्यता पुगेका र दफा ५ बमोजिम अयोग्य नभएका इच्छुक व्यक्तिबाट छनौट प्रक्रियाको ढाँचामा फाराम पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरेकोछ । सिफारिस समितिले स्वीकृत गरेको **बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०७५** देहायको वेभसाइटमा प्रकाशन गरिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

-www.moljpa.gov.np
- www.trc.gov.np
- www.ciedp.gov.np

शर्मिला कार्की
सदस्य